# देवनागरी ध्वनि र वर्णको उत्पत्तिसम्बन्धी परिचर्चा

**अनिल अधिकारी, उपप्राध्यापक, नेपाली विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर**
Email: aniladhikaribhojpur@gmail.com
Orcid ID : https://orcid.org/0009-0001-4095-8833
**बाबुराम तिमल्सेना, सहप्राध्यापक, नेपाली विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर**
Email: timalsinababuram04@gmail.com
**रबिन गुरागाईं, शिक्षण सहायक, नेपाली शिक्षा विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर**
**Email : rabinguragai46@gmail.com**

**लेखसार**

प्रस्तुत लेखमा देवनागरी ध्वनिको उत्त्पत्ति एवम् त्यसको प्रयोगका विषयमा विश्लेषण गरिएको छ । द्वितीयक स्रोतबाट सङ्कलित सामग्रीका आधारमा विश्ललेषण गरिने यो लेख गुणात्मक अनुसन्धान पद्धतिमा आधारित छ । यस लेखमा देवनागरी  वर्णको उत्पत्ति, तिनको विकाससम्बन्धी दैवी उत्पत्तिको सिद्धान्तसापेक्ष विश्लेषण तथा ध्वनि र वर्णसम्बन्धी पूर्वीय/संस्कृत र पश्चिमी मान्यताको विश्लेषण र संश्लेषण गरिएको छ । संस्कृत ध्वनिउत्पत्तिसम्बन्धी अभिमतअनुसार शिव अर्धाङ्गिणी ‘सती’को देहावसानपछि पत्नीको दिवङ्गत शरीर बोकेर शिवले भ्रमण गरेका विभिन्न क्षेत्र, ती क्षेत्रमा सतीका शरीरको अङ्गपतन भई उत्पत्ति भएका शक्तिपीठ तथा ती शक्तिपीठ नै एक ध्वनिका रूपमा उत्पत्ति भई यस विश्वमा जति शक्तिपीठ परिकल्पित र पूजित छन् त्यति नै देवनागरी ध्वनि र वर्ण अस्तित्वमा रहेका छन् । ध्वनि मानव उच्चारण अवयवबाट उच्चरित भए पनि तिनको उत्पत्तिको आधार सतीको अङ्गपतन भई प्रकट भएका शक्तीपीठका आधारमा भएको हो । पूर्वीय र पश्चिमा भाषिक अध्ययनबाट मानवीय वस्तुका रूपमा भाषिक ध्वनि, वर्ण र अक्षरको निर्माण नाद तथा श्वासप्रश्वासका माध्यमबाट निर्माण भएको हो । यससम्बन्धी अवधारणाअनुसार भाषिक उच्चारणको आधार सास तथा त्यसको विविध अङ्गसँगको घर्षणबाट उत्पत्ति भएका निनादबाट सृजित वाक्को सार्थक स्वरूप र सङ्केत रहेको विषयमा यस लेखमा विमर्श गरिएको छ ।

*शब्दकुञ्जी* : स्वरोत्पत्ति, व्यञ्जनोत्पत्ति, वर्णमाला, अक्षर, नाद, घर्षण

Articles information : Manuscript Receive : 24/11/2021, Review Date :  05/05/2022, Date of Acceptance : 20/11/2022, Publisher : Mahendra Morang Adarsh Multiple Campus, TUTA Unit, Biratnagar.
DOI : https://doi.org/10.3126/tutaj.v10i1.74315
Journal Homepage https://nepjol.info/index.php/tutaj/index Copy right (c) 2024 TUTA Journal This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयप्रवेश

जगत्पिता ब्रह्माजीका प्रेरणाबाट दक्षले दिब्य सहस्र वर्ष तपस्या गरे । आद्य शक्ति जगज्जननी जगदम्बिका भगवतीले शिवलाई प्रशस्न्न गरिन् । उनीसँग आफ्नै पुत्री रूपमा आद्य शक्तिले जन्म लिइन् र वरदान माग भनिन् । शिवाले पनि अर्को जन्म र जातिमा भगवान् सदाशिवले मलाई पत्नीका रूपमा स्वीकार गरुन् भन्ने प्रार्थना गरेकी थिइन् । तिम्री पुत्रीका रूपमा अवतार भएर भगवान् शिवकी भार्‍या बन्नूँ र तपाईंद्वारा गरिएको महान् तपस्या क्षीण भएपछि पुनः तपाईंबाटै भगवान् शिवको अनादर हुन्छ । यसपछि तपाईंसहित सम्पूर्ण जगत्लाई विमोहित गरेर आफ्नो धाम जान्छु भनिन् । सोही अनुरूप शिव र सतीको परिचय स्कन्द देवी भगवतीले र मार्कण्डेय आदि पुराणहरूले वर्णहरू शक्तिका शरीरबाट उत्पत्ति भएका हन्छ भन्ने परिचय गराएका छन् । यस लेखमा सतीले

दक्षको यज्ञमा आत्महत्या गरेपछि पत्नी वियोगले छटपटाएका शिवद्वारा मृत्यु भइसकेकी पत्नीको शरीरलाई बोकेर हिँड्दा त्यसको तेज र शक्ति सङ्घर्षको बलद्वारा जहाँ जहाँ शरीरका अङ्ग पतन भए उही स्थानबाट स्वर र व्यञ्जन वर्णको उत्पत्ति हुन्छ ।

पीठानि चैकपञ्चाशद्धवन्मुनिपुङ्गवा ।।
अङ्ग प्रत्यङ्ग पातेन छाया सत्या महीतले ।। (देवीपूराण, अध्याय १२, श्लोक २९–३० ।

लेखको प्रमुख समस्या भन्नु नै देवनागरी ध्वनिको उत्पत्तिका शास्त्रीय आधार तथा त्यसमा आधारमा स्वर र व्यञ्जन ध्वनिको परिचयात्मक अभिलक्षणको विश्लेषणमा आधारित रहेको छ । यस लेखमा देवनागरी स्वर र व्यञ्जन ध्वनि, वर्ण तथा वर्णमाला उत्पत्तिसम्बन्धी शास्त्रीय आधारका विषयमा विमर्श भएको छ । विभिन्न पुराणहरू र अन्य यो लेख तयार पार्नु पूर्व चर्चा परिचर्चा र अध्ययन अनुसन्धानका आधारमा पीठका संख्या, पीठको वर्गीकरण, स्वर तथा व्यञ्जन वर्णको उत्पत्ति र वर्ण र पीठबाट मन्त्रको सिद्धि समाजबाट हेरिने दृष्टिकोणलाई प्रस्तुत गर्ने उद्देश्य यस आलेखले राखेको छ । शिवका डमरुद्वारा उत्पन्न भएका १४ सूत्रहरूलाई पुष्टि गर्ने आधार प्रस्तुत भइसकेको छैन । परिणनी मुनिले र ५१ वटा शक्तिपीठबाट पनि वर्णहरूको उत्पत्ति हुँदो रहेछ भन्ने वस्तुगत अध्ययन भइनसकेकोले यसलाई खोज अनुसन्धानमा नै रहेकाले यिनै कुरालाई समाजमा प्रस्तुत गर्नुपर्ने आवश्यक ठानेर वर्णको उत्पत्तिको अध्ययनलाई आलेखमा प्रस्तुत गरी वर्णको अध्ययन र विश्लेषण गर्नु आवश्यक्ता ठानी अध्ययन गरिएको हुँदा यो अध्ययन औचित्यपूर्ण छ ।

## आलेखको विधि

वर्णनात्मक र विश्लेषणात्मक विधिका आधारमा यो आलेख तयार भएको छ । यसको प्राथमिक स्रोत वर्ण सम्बन्धी अध्ययन गर्नेहरूले भनेका भनाइहरू भने हुन् । मानिसद्वारा भनिएका किवदन्तीहरू पुराण, धमर्, शास्त्रहरू, विज्ञका लेख, रचनाहरू यो लेखका द्वितीय स्रोतका रूपमा रहेका छन् । वर्ण सम्बन्धी पौराणिक आख्यानहरूबाट वर्णहरूको उत्पत्ति सती रूपी शक्तिका अङ्ग झर्दा परेको बलबाट वर्ण उत्पत्ति भएको भन्ने निष्कर्ष यो लेखले निचोड निकालेको छ ।

## नतिजा र विमर्श

शरीरको उर्ध्व भागको अङ्ग शक्तिबाट वैदिक वर्ण र दक्षिणमार्गको हृदयदेखि निम्न शक्तिका अङ्गबाट वाम मार्गको उत्पत्ति हुन्छ । निम्न भाग हृदयदेखि तलतिर पर्छ । हृदयदेखि तलका भागबाट निम्न देवनागरी वर्णहरू उत्पात्ति हुन्छन् । महादेवकी पत्नीलाई ओंकार स्वरूपा शक्तिका रूपमा पुराणहरूले इतिहास विवेचना गरेका छन् । सती साहित्य र भाषिक प्रतीकात्मक नाम हो । यो नामले वर्णको आख्यानात्मक कथावस्तुलाई अगाडि बढाउने क्रममा नायिकाको रूपमा विवेचना गरिएको छ । समाजका लागि सती स्रष्टा र द्रष्टा नारी मानिएकी छन् । निन्दा र आलोचना वर्ण उत्पादनका कारण हुन् । आफ्ना अद्र्धाङ्गका बिषयमा बाबुले होस् या आमाले होस् जो कोहि होस् वर्णको आलोचना गर्छ भने त्यसको दुष्परिमाण नतिजा प्राप्त हुन्छ भन्ने सन्देश बिम्बात्मक र प्रतीकात्मक रूपमा रहेको सती पात्रबाट समाजले पाउँछ । नायक महादेवले पनि आफ्नी अर्धाङ्गिनीको प्रेमबाट विक्षिप्त बनेको देखिन्छ । उनले जीवित शरीरलाई मात्र हैन मृत शरीरको समेत आत्मासाथ गर्नुपर्छ भन्ने वस्तुस्थितिलाई यसमा प्रस्तुत भएको छ । पुरुषहरू यौन क्रिडाका लागि मात्र पत्नी र भार्यालाई प्रेम गर्दैनन् । चेतनाविहीन शरीरलाई पनि त्यतिकै प्रेम गर्छन् भन्ने ग्रहण सन्देश यो वर्णको शक्तिलाई रहस्यले प्रस्तुत गरेको छ । प्रस्तुत आलेखमा ५१ वटा शक्तिपीठसँगै र ती उत्पत्ति हुने वर्णलाई निम्ननुसारका स्थानबाट निम्ननुसारका वर्णहरू उत्पत्ति हुन्छन् भन्ने पक्षको विवेचना तलका सन्दर्भमा गरिएको छ । यसका साथै यस लेखमा वर्णविश्लेषणसम्बन्धी मान्यताको विषयको समेत विश्लेक्षण तलका सन्दर्भमा गरिएको छ ।

**स्वर वर्णको उत्पत्ति**

सतीको योनि वा गुप्ताङ्गबाट ’अ’कार नामको वर्ण उत्पत्ति भएको छ । यस ’अ’को उत्पत्तिबाट कामरूक नामको शक्ति पीठ उत्पत्ति भएको छ । यसपीठले समाजलाई कला कौशल शास्त्रको ज्ञान दिन अणिमादि अक्षर सिधिको उत्पत्ति हुन्छ । ‘अ’ बाट आनन्द प्राप्त हुँदा प्रयोग गरिन्छ । अ प्रतीकात्मक प्रथम वर्ण हो । त्यस स्थानका रौँ बाट बंश नामक दुईवटा पीठको उत्पति हुन्छ । यसबाट शावर नामको मन्त्रको सिद्धि हुन्छ ९करपात्रजी महाराजःशक्ति पीठाङ्कः४८० । सतीका स्तनबाट आ स्वर वर्णको उत्पत्ति हुन्छ । यहाँ काशीका पीठको नाम हो । त्यहाँ मृत्यु भएमा मानिस मुक्ति हुन्छ । सतीका दुई स्तनबाट दश धारा दुध निस्कन्छन् । यसबाट काशी हिन्दू विश्वविद्यालयको निकट लङ्काको छेउमा बहने अस्ती नदी र बरूणा नदी बीचको भाग वाराणसी शहरको उत्पत्ति भएको हो । दक्षिणमा अस्तीका तीर छ र वरूणाको उत्तरा सारनाथ उपपीठ छ । यहाँ दक्षिण र उत्तरमार्गबाट मन्त्र सिद्धि हुन्छ । यस भित्रको क्षेत्र अविमुक्त वाराणसी क्षेत्र भनिन्छ ।

गुह भागबाट ‘इ’ वर्णको उत्पति हुन्छ । नेपालको गुहेश्वरीबाट ’इ’ स्वरवर्णको उत्पत्ति भएको हो । यो पीठ वर्णमालाको मूल स्थान हो । यहाँ थ६ लाख भैरवभैरवी, २ हजार शक्तिहरू, तीन सयवटा पीठ र २ चौध २ मशान निहित छन् । यहाँ चार पीठ दक्षिण मार्गको सिद्धिदायक छ । यसैबाट यी चारमा वैदिक मन्त्रहरूको सिद्धि हुन्छन् । नेपालदेखि पूर्व दिसा झऱ्यो । दिसा झरे स्थानमा किरातहरू बसोवास गर्छन् । यहाँ ३० हजार देवयोनिहरूको निवास स्थान छ ।यस स्थानले पूर्व माझ किराँतको भूगोललाई परिचय गराउँदछ । देब्रे आखाँबाट दीर्घ ‘ई’वर्णको उत्पत्ति भयो । यहाँ रौद्र पर्वत छ । यसलाई महत्पीठ पनि भनिन्छ । यो पनि वामाचारबाट मन्त्र सिद्धि भएर दिवताको दर्शन भयो । देब्रे कानबाट ‘उ’ हस्व स्वर वर्णको उत्पत्ति भयो । वाम कान झरेको स्थानमा ‘उ’ कारको उत्पत्ति हुन्छ । यहाँ सबै प्रकारको मन्त्र सिद्धि हुन्छ । यहाँ अनेक अद्भूत तीर्थ छन् । यस कलियुगमा यस स्थानमा म्लेच्छ जातिहरू चारैतिर छरिएर बसेका छन् । दाहिने कानबाट दीर्घ ‘उ’स्वर वर्णको उत्पत्ति भयो ।यो कान झरे स्थानमा काब्यकुब्ज पीठ उत्पन्न भयो ।यो क्षेत्र गंगा र यमुना नदीको मध्य ’अन्तवेदी’ नामक पवित्र स्थलमा बृहरिदेवले आ आफैँ तीर्थ निर्माण गरे । यहाँ पनि वैदिक मन्त्रको सिद्धि हुन्छ ।कानको मल वा कानेगुजी झरेको यमुनाको किनारमा इन्द्रप्रस्थक नाम गरेको उपपीठ छ ।त्यसको प्रभावबाट विरमृत वेद व्रह पुन उपलब्ध भयो । नाकबाट ‘ऋ’ स्वरवर्णको उत्पत्ति भएको हो ।यहाँ पूर्णगिरिपीठ छ । यहाँ योग सिद्धि हुन्छ । यस स्थानमा मन्त्राष्टिधिष्टातृदेव प्रत्यक्ष दर्शन दिन्छन् । देब्रे चाकका शक्तिबाट दीर्घ ‘ऋ’कार वर्णको उत्पत्ति हुन्छ । त्यहाँ अम्बिका नामको शक्ति छ, त्यसबाट वाम मार्गको सिद्धि हुन्छ ।

दक्षिण मार्गमा विघ्न हुन्छ । दाहिने चाकको तागतबाट ‘लृ’ कार स्वरवर्णको उत्पत्ति हुन्छ ।यहाँ धनदारियक्षिणिको निवास स्थान छ । नङ्गको तेजबाट दीर्घ लृ कार वर्णको उत्पत्ति हुन्छ । यहाँ एकाभ्रपीठ छ ।यो पीठ विद्या प्रदायक छ । त्रिवलिको झरेका स्थाबाट ‘ए’ वर्णको उत्पत्ति हुन्छ । यसमा त्रिस्रोत पीठ उत्पन्न भयो । यसको पूर्व पश्चिम र दक्षिणमा कपडाका तीन खण्ड झरे । यहाँ तीन तीन उपपीठ भए । गृहस्थ व्राहणका लागि पौष्ठिक मन्त्रको सिद्धि भयो । नाभी झरेको शक्तिबाट ‘ए’ कार दीर्घ स्वरवर्णको उत्पत्ति भयो ।यहाँ समस्त काम मन्त्रको सिद्धि हुन्छ । यसका चारै दिशामा चार उपपीठ छन् । जसमा अप्सरा निवास गर्दछन् । बुढी औला झरेको स्थानबाट ‘ओ’ कार स्वरवर्णको उत्पत्ति भयो । त्यस स्थानमा हिमालय पर्वतमा कैलाश पीठ छ । त्यो स्थान अजुलीबाट लिङ्गको रूपमा प्रतिष्ठित भएको छ । करमालाका आधारमा मन्त्र जप गर्दा तत्क्षण सिद्धि हुन्छ । दाँतबाट ‘औ’ कार स्वरवर्णको उत्पत्ति हुन्छ । दाँत झरे स्थानमा भृगु पीठको उत्पन्न हुन्छ । यहाँ पनि वैदिक मन्त्रको सिद्धि हुन्छ । दाहिने हत्केलाको शक्तिबाट ‘अ’ वर्णको उत्पत्ति हुन्छ ।त्यहाँ केदार पीठको उत्पत्ति भयो । दाहिने कंङ्कणबाट अगस्तिको आश्रम नामक सिद्धि पीठका उपपीठको उत्पत्ति भयो, त्यसको पश्चिममा औँठी झरेको स्थानमा इन्द्रश्री उपपीठको उत्पत्ति भयो । त्यसको पाश्चिममा वलयको झरेको स्थानमा रेवतिको किनारामा राजराजेश्वरी उपपीठ भयो । देब्रे चाकबाट झरेको स्थानबाट विसर्ग ‘अः’ को उत्पत्ति भयो । यहाँबाट सबै मन्त्रको सिद्धि हुन्छन् ।

**व्यञ्जन वर्णको उत्पत्ति**

मस्तकको शक्तिबाट 'क' कारको उत्पत्ति भयो । यसलाई श्री पीठ भनिन्छ । कलिमा पापीहरू त्यस ठाउँमा पुग्न दुर्लभ छ । त्योभन्दा पूर्व कर्णाभरणको पतन भए स्थानबाट उपपठिको उत्पादन भयो । त्यहाँ ब्रह विद्या प्रकाशिकाको निवास स्थान छ । त्यसकै आग्नेय कोठामा कर्णाधारभरण पतनबाट दोस्रो उपपीठ भयो । त्यहाँ मुखशुध्दकरी माहेश्वरी शक्ति छ । दक्षिणमा पत्रवल्लीको पात भूमिमा झर्दा कौमारी शक्तियुक्त तेस्रो उपपीठ भयो । नैऋत्य कण्ठभालको नियतिस्थलबाट ऐन्द्रजाल विद्यासिद्धिप्रद वैष्णवीशक्ति समन्वित चारौ उपपीठ भयो । पश्चिममा नासा भौतिकको पतनस्थानबाट वाराहीशक्त्य धिष्ठित पाँचवा उपपीठ भयो । वायुकोणमा मस्तकाभरणको पतनस्थानबाट चामुण्ठा क्षीपदेवताकार सिद्धिकर छैटौ उपपीठ भयो र इशानमा केशान भरणको पतनबाट महालक्ष्मीद्वारा अधिष्ठित सातवा उपपीठ भयो ।

मस्तकमाथि कञ्चड पतन भएको स्थानबाट 'ख' ध्वनिको उत्पन्न भयो । कञ्चडको पतन भएको पीठमा ज्योतिम मन्त्र प्रकाशक ज्योष्तितीद्वारा अधिष्ठित छ । यो पीठ नमर्दाद्वारा अधिष्ति छ । त्यहाँ तप गर्ने महार्षिहरूको जीवन मुक्ति हुन्छ । बक्षस्थलबाट 'ग' उत्पन्न हुन्छ । पाताल स्थलको पीठमा अग्निले तपस्या गरेका थिए । देवमुखत्व प्राप्त भयो । त्यहाँ ज्वालामुखी संज्ञक उपपीठ छ । देब्रे काध पतन भएको ठाउँबाट 'घ' वर्णको उत्पत्ति भयो । त्यहाँ गन्धर्वहरूले रागरूपी ज्ञानका लागि तपस्या गरेर सिद्धि प्राप्त गरेका छन् । दाहिने कोखाको पतन भए स्थानबाट 'ङ' वर्ण उत्पत्ति भयो । त्यहाँ कुलान्तक पीठ छ । त्यसबाट विशेषण, उच्चरन, मारणको प्रयोग सिद्धि हुन्छ । बाहु कोखको पतन भए स्थानबाट 'च' वर्णको उत्पत्ति भयो । त्यहाँ कोट्टक पीठ छ । त्यहाँ राक्षसहरू सिद्धि प्राप्त गर्छन् । जठरको पतन भए ठाउँबाट 'छ' को उत्पत्ति हुन्छ । त्यसमा गोकर्ण पीठ छ । त्रिवलिहरूमा जहाँ प्रथम वलिका झर्छ त्यसबाट 'ज' वर्णको उत्पत्ति हुन्छ । त्यहाँ मातुरेक्ष्वर पीठ छ । त्यस स्थानमा शैवमन्त्रको शीघ्र सिद्धि हुन्छ । माथिल्लो वलि पतन भए स्थानबाट 'झ'वर्णको उत्पत्ति हुन्छ । त्यहाँ अट्टहस पीठ छ । त्यस स्थानमा गणेश मन्त्रको सिद्धि हुन्छ । तेस्रो वलिका पतन भए स्थानमा 'ञ' को उत्पत्ति भयो ।त्यहाँ विरज पीठ छ ।त्यस पीठबाट विष्णु मन्त्रको लागि सिद्धि हुन्छ । जहाँ वस्ति झर्छ त्यहाँबाट 'ट' वर्णको उत्पत्ति हुन्छ । त्यहाँ राज पीठ छ । तल क्षुद्रघण्टिका झरेको स्थानमा घण्टिका नामको उपपीठ छ । ऐन्द्रजालिक मन्त्र सिद्धि हुन्छ । राजगृहमा वेदार्थ ज्ञानको प्राप्ति हुन्छ । नितम्ब झरेको स्थानमा महापथपीठ छ त्यहाँबाट 'ठ' वर्णको उत्पत्ति भयो । जातिदृष्ट व्राह्मणले त्यहाँ शरीर अर्पित गरेका छन् । दोस्रो जन्म कलियुगमा देह सौख्यदायक वेदमार्गप्रलुक्ष्पक अघोरादि मार्गको फैलियो । जगन झरेको स्थानबाट 'ड' वर्णको उत्पत्ति भयो ।त्यहाँ कोलगिरि पीठ छ । त्यसबाट 'ड' कारको उत्पत्ति भयो । त्यहाँ वनदेउताको मन्त्रको सिद्धि शीघ्र प्राप्र हुन्छ । दाहिने उरू झरे स्थानमा 'ढ' को उत्पत्ति हुन्छ ।त्यहाँ ऐलार पीठ छ ।

देब्रे तिघ्रा झरे स्थानबाट 'ण' वर्णको उत्पत्ति हुन्छ । त्यहाँ महाकालेश्वर पीठ छ । त्यहाँ आयुवृध्यिक कारक मृत्युञ्जय मन्त्रको सिद्धि हुन्छ । दक्षिण घुँडा झरेको स्थानमा जयन्त पीठ भयो । त्यहाँबाट 'त' वर्णको उत्पत्ति भयो । त्यहाँ धनुवेदको सिद्धि भयो । देब्रे घुँडा झरेको स्थानबाट 'थ' वर्णको उत्पत्ति भयो । त्यहाँ उज्जयिनी पीठ भयो । त्यहाँबाट कबच मन्त्रको सिद्धि भएर रक्षा हुन्छ । त्यसको नाम अवन्ती हो । दक्षिण जाङ्घको पतन भए स्थानबाट 'द' को उत्पति भयो ।यसमा कौलिक मन्त्रको सिद्धि हुन्छ । देब्रे जाँघ झरेको स्थानबाट 'ध' को उत्पति भयो । यसमा क्षीरका पीठको उत्पति भयो । त्यहाँबाट वैतालिक र शाबर मन्त्र सिद्धि हुन्छ । दक्षिण गुल्फका पतन भए स्थानबमट हस्तिनापुर पीठ भयो । त्यसबाट 'न' वर्णको उत्पति भयो । नुपुरको पतन भएको कारण नुपुर्णा संरक्षक उपपीठ भयो । त्यहाँ सुर्यमन्त्रको सिद्धि भयो । वाम गोलीगाँठोको पतन भए ठाउँमा 'प' कारको उत्पति भयो त्यहाँ उड्डीश पीठ छ । उड्डीशाख्य महातन्त्र सिद्धि भयो । त्यहाँ दोस्रो नुपुरको पतन र डामर पीठको उत्पति हुन्छ । देहरसको पतन स्थानबाट 'फ' वर्णको उत्पति भयो । त्यहाँ प्रयाग पीठ छ । त्यहाँ माटो श्वेतवर्णको छ । अरू अरू स्थानको हुन्छ । पतन भएबाट अनेक उपपीठ भएका छन् । गङ्गाको पूर्वमा वगला उपपीठ छ गंगा यमुनाको मध्यमा राजेश्वरी संज्ञकर यमुनाको दक्षिण किनारामा भुवनेशी नामक उपपीठ छ । यसैका आधारमा प्रयागलाई तीर्थराज र पीठराज भनिएको छ ।

दक्षिणपृष्णिको पतन भएस्थानबाट 'ब' वर्णको उत्पति भयो । त्यहाँ षष्ठीशपीठ छ । त्यहाँबाट पादुका मन्त्रको सिद्धि हुन्छ । वामपृष्णिका जहाँ पतन भएको छ । त्यहाँ मायापुर पीठ छ । त्यहाँ 'भ' कारको उत्पति भयो । त्यहाँ समस्त मायाहरूको सिद्धि हुन्छ । रगतको पतन भएको ठाउँबाट 'म' वर्णको उत्पति भयो त्यहाँ मलय पीठ छ । रक्ताम्बरदिक बौद्धको मन्त्र सिद्धि भयो । पित्त झरेको स्थानमा श्री शैलपीर भयो । त्यहाँबाट 'य' कारको उत्पति भयो विशेष गरेर वैष्णव मन्त्रको सिद्धि भयो । बोसोको पतन भए स्थानबाट 'र' वर्णको उत्पति भयो । हिमालय मेरुपीठ भयो । त्यहाँ स्वर्णाकर्यण भैरवको स्थापित भयो । जिहवाग्रको पतन भए स्थानबाट 'ल' वर्णको उत्पति भयो । त्यहाँ गिरिपीठ छ । त्यहाँ जप गर्नाले वाक् सिद्धि हुन्छ । मज्ज्जाको पतन भएको स्थानबाट 'व' वर्णको उत्पति भयो । त्यहाँ महेन्द्र पीठ छ । त्यहाँ शाक्त मन्त्रलाई जप्नाले सिद्धि हुन्छ । दाहिने बुढीऔंलाको पतन भएको स्थानबाट वामनपीठ भयो । त्यहाँ 'श' कारको उत्पति भयो । यहाँ समस्त मन्त्रको सिद्धि हुन्छ । देब्रे अङ्गुष्ठो पतन भए स्थानबाट हिरण्यपीठको उत्पत्ति भयो । त्यहाँबाट 'ष' कार वर्णको उत्पति भयो । त्यहाँ मार्गबाट सिद्धि लाभ हुन्छ । रूचिको पतन भएको स्थानमा महालक्ष्मी पीठ छ ।त्यहाँ 'स' आकारको उत्पति भयो । त्यहाँ सर्व सिद्धि प्राप्त हुन्छ । धमनी पतन भए स्थानबाट आत्रिपीठ र 'ह कार वर्णको उत्पति भयो । त्यहाँ यावत सिद्धि प्राप्त हुन्छन् । छायाँको सम्पात स्थानबाट छायाँ पीठ भयो र 'क्त' आकारको उत्पति भयो । केशपाशको पतन स्थलमा क्षत्र पीठको प्रादुर्भाव भयो र क्ष' कारको उत्पति भयो । यसबाट समस्त सिद्धि र सिद्धिपूर्वक उपलब्ध हुन्छ ।

**वर्णमालाको उत्पत्ति**

देवनागरीमा विद्यमान अ आ इ ई उ ऊ ऋ ॠ ऌ ॡ ए ऐ ओ औ अः यी १६ वर्ण मानिसका शरीरमा रहेका १६ कलाहरू हुन् । शरीरको विशुद्ध चक्रबाट अ देखि अः सम्मबा सोह्र वर्णहरू छन् । यो चन्द्रमाको ज्योति समान छ । यसमा १६ पत्र छन् । यी सोह्र पत्र नै स्वरवर्ण हुन् । हामीसँग मूलाधार, स्वाधिष्ठान, मणिपूरक, अनाहत, विशुद्ध र आज्ञालाई षडचक्र भनिन्छ । मूलाधार लिङ्ग, नाभि, हृदय, कण्ठहरूको माझमा अग्नि चक्र छ । त्यसका चारापत्र छन् । त्यसबाट तलथोप्ली व वर्ण देखि गन्दै स सम्मका वर्णको उत्पत्ति हुन्छ । जस्तो व शषस हुन् । यी वर्णहरु अक्षरका घर हुन् । दोस्रो स्वधिष्ठान चक्र हो । यो सूर्य नारायण जस्तै चम्किलो छ । यसमा ब, भ, म, य र ल छ वर्णहरु युक्त भएको पत्र हो । मणिपूरक तेस्रो पङ्क्तिको क्षेत्र हो । यो चक्र रक्त कान्तिको छ । यसमा ड, ढ, ण, त, थ, द, ध, न, प, फ, आदि दश वर्ण र अक्षर उत्पत्ति हुन्छन् । अनाहत चौम चौथो चक्र हो । सो सुन जस्तो वर्ण भएको छ । यसमा क, ख, ग, घ, ङ, च, छ, ज, झ, ञ, ट, ठ आदि बाह्र पत्र भएको वर्ण र अक्षरको घ, ङ, च, छ, ज, झ, ज्ञ, ट, ठ, आदि बाह्र पत्र भएको वर्ण र अक्षरको क ख ग घ ङ च छ ज झ ञ ट ठ ड ढ ण त थ द ध न प फ ब भ म य र ल व श ष स ह क्र क्ष यिनै ५१ अक्षरका वर्णमाला हुन् । अन्तिम अक्षर 'क्ष' अक्षमालाका सुमेरू हो ।यसै मालाका अधारमा सतीका भिन्न भिन्न अङ्गको पतन भयो । यसमालाका आधारमा सतीका विभिन्न अङ्गको पतन भयो । यही भूमि वर्ण सामान्य स्वरूप हो । भिन्नभिन्न अङ्गको पतन भयो । भिन्न वर्णको देवता भिन्न छन् । वर्ण,पीठहरू शक्ति र देवताको परस्पर सम्बन्ध छ । ज्ञान र अनुष्ठानबाट साधकको सिद्धि हुन्छ ।

मायाद्वारा परब्रह्मबाट विश्वको सृष्टि हुन्छ । सृष्टि भइसकेपछि उसको विस्तारको आशा तबसम्म हुँदैन जबसम्म चेतन पुरूषको उसमा आसक्ति हुँदैन । अतएव सृष्टि विस्तारको लागि कामको उत्पति भयो । रजः सत्वको सम्वन्धबाट द्वैत सृष्टिको विस्तार हुन्छ । किन्तु तपस् कारणरूप हो । उहाँ द्वैतदर्शनको कमीबाट मोहको कमी हुन्छ । सत्वमय सूक्ष्मकार्य रूप विष्णु एवमं रजोमय स्थूल कार्यरूप ब्रह्मको मोहित भइसकेपछि पनि कारणात्मा शिव मोहित हुँदैनन् । किन्तु जबतक कारणमा मोह हुँदैन , तबतक सृष्टिको पूर्ण स्थिति पनि सम्भव छैन् । यसका लागि स्थूल–सूक्ष्म कार्यचैतन्यको यस्तो रूचि भयो कि कारण चैतन्य पनि मोहित हुन्छ , किन्तु यो अघटिन–घटना महामायाको लागि समाजलाई दृष्टान्तका रूपमा देखायन पनि वसको कुरा हो । यसका लागि बवैले आराधना गर्दा देवी प्रसन्न भइन् । ऊ आफ्नो पतिलाई स्वाधीन गर्न चाहन्थिन् । स्वाधीन भर्तृका स्त्री धर्मको परम सौभाग्य हो । त्यस्तै भयो । महामायाले

शिवको स्वाधीन गरिन् फेरि पनि पिताद्वारा पतिका अपमान हुँदा पनि उस पिताबाट सम्बद्ध शरीरको त्याग दिनु उचित सम्झिन्। महाशक्तिको शरीर उनको लीला विग्रह नै हो । जस्तो निर्विकार चैतन्य शक्तिको योगबाट साकार विग्रह धारण गर्दछिन् । उस्तै शक्तिपीठ पनि अधिष्ठित चैतन्यमुक्त साकार विग्रह धारण गर्दछिन्। यसका लागि शिव पार्वती दुवै मिलेर अर्धनारीश्वरका रूपमा व्यक्त हुन्छन्। अधिष्ठान चैतन्यसहित महाशक्तिका त्यस्ता लीला विग्रह सती शरीरबाट तिरोहित भइजानु नै सतीको मर्नु हो। प्राणीको तपस्या एवम् आराधनाबाट शक्तिको जन्मदिन र उसबाट परमेश्वरसँग सम्बन्धित भएर आफ्नो कृत्यकृत्य गर्ने सौभाग्य प्राप्त भयो । किन्तु यदि बीचमा प्रमादबाट अहङ्कार उत्पन्न हुन्छ । त्यसबेला शक्ति उसबाट सम्बन्ध तोडी दिन्छन्। अथवा उसको उस्तै स्थिति हुन्छ जस्तै पितारूपी दक्षको भयो।

सतीको शरीर यद्यापि मृत भयो तथापि उनमा महाशक्तिको निवास थियो । श्री शंकर उसकैद्वारा उस महाशक्तिमा रत थे। अतः मोहित हुनुको कारण पनि उनले छोडन सकेनन्। यद्यपि परमेश्वर सदा स्वरूपमा नै प्रतिष्ठित हुन्छन्। फेरि पनि पापीहरूको अदृष्ट वंश उनीहरूको कल्याणका लागि सृष्टि,पालन र संहरण आदि कार्यमा प्रवृत्त जस्तै प्रतीत हुन्छन्। उनकै अनुरूप माहामायामा उनको आशक्ति र मोहको पनि प्रतीत हुन्छ। यसै मोहवश शंकर महाशक्तिको अधिष्ठानभूत त्यस प्रिय देहको लिएर घुम्न लागे। देवताहरू र विष्णुले मोह मेटाउनका लागि उस देहले शिवबाट वियुक्त गर्न चाहे । साथसाथै अनन्त शक्तिहरूको केन्द्रभूत महाशक्तिको अधिष्ठान भूता उस देहको अवयवबाट लोक कल्याण हो। यो सोचेर भिन्न शक्तिका अधिष्ठानभूत भिन्नभिन्न अङ्ग हुन् जुन स्थानमा परे उहाँ उस शक्तिका सिद्धि सरसताबाटै हुन्छ । जस्तो परेवा र सिंहको मासु आदिमा पनि भिन्न विशेषता प्रकट हुन्छ । त्यसतै सतीका भिन्न अवयवको पनि विशेषता प्रकट हुन्छ। यसका लागि जस्तो हिङ्ग निकाल्दा पनि उसको अधिष्ठान उसको गन्ध वासनामा रहिरहन्छ। उस्तै सतीका महाशक्तिमा अन्तरनिर्हित भएर पनि उन अधिष्ठानमा प्रभाव पारिरहन्छ। जस्तो सूर्यकान्तमणिमा सूर्यको रोश्निको सुन्दर प्रकट हुन्छ त्यस्तै नै शक्तिहरूको अधिष्ठानभूत अङ्गमा उसको प्राकाट्य सुन्दर हुन्छ। जहाँतक उनका अङ्गहरू झरे ती स्थानमा पनि दिव्य शक्तिका अधिष्ठान मानिएको छ जहाँ शक्ति तत्वको प्राकाट्य अधिक छ । अतएव ती शक्तिका पीठमा सिद्धि प्राप्ति हुन्छन् । अङ्गसम्बन्धी कोही अंश या भूषण वासनादिका रूपमा जहाँ पतन भयो उहींउहीं उपपीठ भए उनमा पनि विषेश शक्तिको अविर्भाव भयो । अनन्त शक्तिको केन्द्रभूता महाशक्तिको जो अधिष्ठान भइसकेको छ । उसमा त्यससम्बन्धी समस्त वस्तुहरूमा शक्तितत्त्वको बाहुल्य हुनु पर्दछ। उसै त जहाँ पनि जो कोही वस्तुमा शक्ति हुन्छ उन सवैको अन्तर्भाव महामायामा छ।

यच्च किचिन् कक्चिद्धस्तु सद्सद्धाखिलात्मके

नस्य सर्वस्य या शक्ति स् सा त्वं कि स्नूयसे तदा (दुर्गासप्तशती)

आफ्नो–आफ्नो योग्यता र अधिकारको अनुसार इष्ट देवता ,मन्त्र ,पीठ ,उपपीठका साथ सम्बन्ध जोडेबाट सिद्धिमा शीघ्रता हुन्छ।

अनादिनी धनं। ब्रह्म शब्दरूप यदक्षरम्। प्रवर्ततेऽर्थभावेन प्रक्रिया जगतो यत स् (वाक्यपदीय)

आदि वचनको अनुसार प्रणवात्मक ब्रह नै निखिल विश्वका उपादान हो । ऊ शक्तिमय सती शरीर रूपमा र निखिल वाङमय प्रपञ्चको मूलभूत एक पञ्चाशत वर्ण रूपमा व्यक्त हुन्छ । जस्तो निखिल विश्वकै शक्ति रूपमा नै पर्यवसान हुने गर्छ। उस्तै वाणीमा नै सकल वाङमय प्रपञ्चको अन्तर्भाव हुन्छ। किनकि सबै शक्तिहरू दैवको अनुपूर्वी विशेष मात्र छ। शब्द र अर्थको वाच्य–वाचकको असाधारण सम्बन्ध कि बहुना अभेद छ अतएवम् एक पञ्चाशत् वर्णहरूको कार्यभूत सकल वाङ्मय प्रपञ्चको जस्तो एक पञ्चाशत् वर्णमा अन्तर्भाव गरेको छ । उस्तै नै वाङमय प्रपञ्चको वाच्यभूत सकल अर्थमय प्रपञ्चको उसको मूलभूत एक पञ्चाशत् शक्तिहरूमा अन्तभार्व गरेर वाच्य वाचकका अभेद प्रदर्शित गरिसकिएको छाया ५१ पीठको रहस्य छ। हर ध्वनि अलग् अलग् प्रयत्नबाट व्यक्त हुन्छन् । अलग् प्रयासबाट (प्रयत्न) जन्मिएको ध्वनि वर्ण हो (पाण्डेय, २००६, पृ. २४३)। हरदत्त भन्दछन् स् वर्ण शब्दको नामाकरण वर्णन जान्नका लागि कारण बन्दछन्। अरुका मतका आधारमा वर्ण वृञ्बाट बन्दछ। न्याएकारका अनुसार वर्ण वचन शब्दको अर्थमा प्रयोग हुन्छ।

**ध्वनि र वर्णसम्बन्धी परिचर्चा**

वानी ऋचा हुन् । प्राण साम हो । सामलाई गायन गरेर उच्चारण गरिन्छ । ओमकार उद्गीथ हो । उद्गीथ ध्वनिको जरा हो । उद्गीलाई साम पनि भनिन्छ । ध्वनि आवाजा हो । यो श्रवर्णेन्द्रि यद्वारा सुन्न सकिन्छ भाषा अरुका लागि हो । अरुका लागि श्रवणेवियले ज्ञान गरेका कुरा ज्ञानेन्दियैबाट अरु श्रोतासम्म ध्वनिका माध्यमले पुऱ्याइन्छ । ध्वनिमा तरङ्ग हुन्छ । तरङ्गलाई वायुले संञ्चरण गर्छ र श्रोता सम्म पु–याउँछ । ध्वनिको अध्यय भौतिक विज्ञानले गर्छ । वर्णको अध्ययन चित्रलिपिकार र रेखाका धो, बुद्धि, मनीषा, धिषणा ज्ञान भएकाले गर्छन् । ध्वनि र वर्नको अध्ययन विद्या (विज्ञान) अविधा (कर्म) बाट हुन्छ । यति धेरै गहिरा कुराको चिरफार यो लेखले गर्न सकेको छैन । तर यी सबै कुरा गर्न नसके पनि ध्वनिको र वर्णको उत्पत्ति र वंश कथालाई कोट्याउने जमर्को गरेको विषयको विश्लेषण तलका सन्दर्भमा भएको छ ।

**ध्वनि**

कानले सुन्न सकिने, आँखाले नदेखिने, श्रवणेन्द्रियको विषय बोकेको आवाज शब्द ध्वनि हो । ध्वनि मात्रैले आशय र अर्थ खुल्न सक्तैन । आवाज त पशु, पक्षी, चरा चुरुङ्गी, किध्रा फट्याङग्रको पनि त हुन्छ । त्यतिमात्र कहाँ हो र आकाशमा बादलको गडाङ र कुडुङ आवाज पनि त श्रवणोदयले सुन्छ नि ! नी पनि त आवाजै हुन्नि यसकारण कुनै ठाउमा शब्द थर्केदा फर्केर आउने आवाजहरु ध्वनि कै अङ्ग प्रत्यङ्गहरु हुन् । हामी त्यस्तालाई प्रतिध्वनि र धन्को शब्दले सम्बोधन गर्छौं । साहित्यतिर मुन्टो घुमाउँदा के देख्न सकिन्छ भने कुनै कथन वा उक्तिको वाच्यार्थ र लक्ष्यार्थलाई छोडेर तेस्रो अर्थ पनि ध्वनिभित्र लुकेर रहेको हुन्छ । त्यस्तो अर्थ त झन् चमत्कारी हुन्छ । त्यो चमत्कारी अर्थ भित्र गुढार्थः, व्यङ्गमार्थ, ध्वन्यार्थः लगायत अनेकौ अर्थ अन्तर घुलन भएर बसेका हुन्छन् । मुखबाट पनि ध्वनि निस्कन्छ । ती ध्वनिलाई परम्परागतबाटै चित्र लिपि ब्राह्मी लिपिका रूपमा देवनागरीका वर्णहरूक विकसित हुँदै आएका छन् । तिनैलाई वर्णमाला भनेर चिनाएका हुन्छौं । वर्ण मालालाई अक्षर पनि भनिन्छ । ती वर्णमालामा साउँ अक्षर र व्यञ्जन अक्षर पनि कहलिएका छन् । साउ अक्षरमा स्वरवर्ण पानि मिसिएर उच्चारण हुने गर्दछन् । व्यञ्जन अक्षरमा स्वर वर्णको मिसावट हुँदैन । स्वर वर्ण अ इ उ ऋ ए ओ मूल वर्ण हुन् । यी बाहेकको स्वरवर्णमा स्वर वर्ण मिलेर स्वैर वर्ण उत्पादन भएका छन् । स्वर+स्वर मिसिएर बनेका आ ई ऊ ॠ ऐ औ, अं. अः आदि हुन् । मानिसका गलाबाट निस्केका विशिष्ट अवस्थाका ध्वनिका भिन्न भिन्न रूप पाइन्छन् । ती भिन्न भिन्न रूपलाई फोनिम भनिन्छ । फोनिय का व्यञ्जनबाट बाह्रवटा रूप पैदा हुन्छन् । यिनैलाई बाह्रखरी भनिन्छ । बाह्र खरी क : का की कू के कै को क रूपका अलग अलग हुन्छन् (पोखरेल र अन्य, २०४०, पृ. ७०१) । ध्वनि मनुष्यबाट उत्पन्न हुन्छ । यो विकल्परहित ध्वनि शास्त्रका विज्ञेयद्वारा भन्ने गरिएका र तोकेका स्थान र निश्चित प्रयत्नद्वारा उत्पादन हुन्छ । यो श्रोत्रेन्द्रिय र वागेन्द्रियद्वारा अविकल्प रूपबाट ग्रहित शब्दलहरी ध्वनि हो (सक्सेना, सन् १९९५, पृ. ४१) ।

**ध्वनि र अक्षर**

शब्द, शब्दांशको आवाज एउटै झोक्का वा प्रयासमा उच्चारण हुन्छ भने त्यो अक्षर हो । अक्षर व्यञ्जन रहित हुन्छ । बरु ऊ स्वरसहित उच्चारण भयो भने त्यो अक्षर हो । वर्ण प्रायः हलन्त्य भने अक्षर स्वरान्त हुन्छ । वेदान्त दर्शनले ईश्वर, परमाला र ब्रह्मलाई पनि अक्षर बन्दछ । अक्षर अविनाशी र नाश नहुने मौलिक अभिव्यक्ति हो (उही, ६) । नेपाली भाषा र साहित्यमा वर्ण र अक्षरको महत्त्वपूर्ण स्थान छ । ध्वनि विना वर्णको उच्चारण हुँदैन । न वर्ग विना अक्षरको उच्चारण हुन्छ । त्यसकारण यी दुबै एक अर्काका परिपूरक हुन् । ध्वनि र अक्षरका विषयमा अनेकौं तर्क वितर्क खण्डन मण्डन, अध्ययन, अनुसन्धान हुँदै आइरहेकै छ । यो नौलो, नयाँ, र मौलिक विषय पनि होइन, बारम्बार अध्येताहरू शिक्षाणीया शिक्षा प्रदान गर्न कलम चलाउदै आइरहेका छन्। भा भाषाका देवनागरी भाषाका ध्वनिहरू मानिसका फोक्सोबाट मुखको बारो गर्दै निस्कने सास मुखभित्रकै विभिन्न स्थानमा ठक्कर लागेर निस्कने आवाजाहरु वर्णहरू हुन्। ध्वनिको अर्थ आवाज हो। यसर्थ, वकी हररु आवाजका प्रतीक हुआ। मानिस बोल्न लोग ट त्यसबेला उसको सास मुख विवरबाट साख बाहिर निस्कन थाल्दछ। यो सास निस्कने स्थानलाई वागेदिय भनिन्छ। यसैको माध्यमबाट आवाज प्रकट हुन्छ। यही बानीलाई ध्वनि नाम दिइएको हो ।

संस्कृतले ध्वनिलाई ध्वने, ध्वनन, स्वन, वन शब्दलें, सम्बोधन गई। ध्वनि हूँ ध्वनन हुन काही न कोही घर्षण वा ठक्कर लाग्ने पर्दछ। भौतिक विज्ञानले पनि न ध्वनिको कुरा गई। छट भन्छ कुनै तलावुर्की पाकी चुपचाप लागेर बार शान्ति सँग बसेको हुन्छ । शान्तसँग बसेको अलेमा नसैले पत्थर, ढड़ा, कडा, ककेर फ्याकेर हेलो हाल्यो भ त्यसबेला पुराजल आन्दोलित हुन्छ । सँगसँगै जलको मित्रबाट धूप या छबको ध्वनि निस्कन्छ यद्यपि भाषा विज्ञानले यस प्रकारको जलको तरङ्गलाई ध्वनिको रूपमा मान्यता दिपेनायो लेखले ध्वनि वर्णर अक्षर कस्तोलाई मान्न भन्ने आधारको खोजी गर्दछ। ध्वनिको प्रथम रूप लिपि, चिच भए पनि मानिसले उच्चारण गर्ने अर्थ भएका, ध्वनि र वर्णर भूधारलाई भाष ध्वनि मान्दछ भन्ने निष्कर्ष निकालेको ((पाण्डेय, २००६, पृ. २०१) अव्यक्त, अस्पष्ट, ध्वनिको यसले अध्ययन गर्दैन । ध्वनिबाट वर्ण, शब्द, शब्द भित्रको अर्थ, अर्थ भित्रको अन्तर्भाव र रहस्यको यसमा अध्ययन हुन्छ ।

**भाषाको आधार ध्वनि**

ध्यान भाषाको मूल आधार हो । स्वर र व्यञ्जनको संयोग ध्वनि हो । भाषा स्वर र वाजनकी संयोग मात्र पनि होइन । यसको साथसाथै ध्वनिमा सुर मात्रा, बलाघात आदिको पनि योगदान छ । यद्यपि ध्वनि भाषाको कृत्रिम र प्रारम्भिक लघुत्तम भाषिक एकाइ पनि हो । यसर्थः भाषा ध्यानको समूह हो । सेसले भन्ने व्यक्तिले भाषाको रचना वर्णबाट मात्र हुदैन ध्वनिबाट मात्र हुन्छ । साधारण बोलचालका भाषामा ध्वनिलाई सम्बेदना भनिन्छ । भाषाका अनुभव कामद्वारा हुन्छ । भौतिक शरीरका आधारमा ध्वनि आन्तरिक कारण नभएर वाह्य कारण भन्ने गरिएको छ । यो विक्षोम (disturbance) पनि हो । सम्वेदना ध्वनिबाट उत्पन्न हुन्छ (पाण्डेय, २००६, पृ. २३९) ।

**वर्णको परिचय**

वर्ण नाम हो । ध्वनिको लेख्य रूप आकृतिलाई वर्ण भनिन्छ । मनको भाव प्रकाशन गर्ने साधन वर्ष लेख्यको आकृतिलाई वर्ण भनिन्छ । मनको भाव प्रकाशन गर्ने साधन वर्ण हो । वर्णलाई इन्द्रियले देख्न सकिन्छा, सौन्दर्य र वेषभूषा पनि वर्ण शब्दले बुझाउँछा पदार्थमा हुने रातो, सेतो, कालो, पहेलो रूपका पत्र पति वर्गकै भेद हुन्, रङ्गलाई पनि वर्ण नै भनिन्छ। हिन्दू धर्मानुसार मनुष्यक जातिका चार श्रेणी र वर्ग वर्ग हुन्। ब्राह्मण, क्षेत्री, वैश्यर शुहलाई पनि वर्णै भनिन्छ । रजाउने पदार्थहरू पनि ब प्रकृतिका पहेलो, हरियो, कालो, गोरो, गहुँगोरी आदि वौ हुन् । अदेखि वा सम्मका ध्वनिका चिन्हहरण पनि बया छन् । टुका टुक्क्र्याउन नमिल्ने र नसकिने धात एकार सूचक लिपि वर्ण हुन् । स्थायी, आरोही, अवरोही र सञ्चादी वर्गका चार भेद छन् । गायनको प्रत्यक्ष विधि र प्रक्रियाहरून वर्ण हुन् । वर्ण, वर्ण आफूले आ–आफ्नो स्वभाविक रूप छिपाउन र बनावटी रूप निकाल्नका लागि लगाइने रङ र पहिरनलाई वर्ण भनिन्छ । अभिनेताका गुप्तचर आदिको पहिरन र रूप सञ्चालनलाई वर्ण भनिएको छ । मुखावरण, नकाव, बुर्का आदिलाई वर्ण वर्णक भन्ने गरिन्छ । स्तुति, गायक, चरण, भारलाई पनि वर्ण भनिन्छ । वर्ण तुलिका भनेर चित्र लेख्ने बुरूसी, कुची आदिलाई पनि वर्ण भन्ने गरिन्छ । वर्षण, धर्म अनुसार का, वर्णानुसारका, पेसा, कर्तव्य, स्वभाव, र आचरण आदि वर्ण धर्म हुन् (पोखरेल र अन्य, २०४०, पृ. १२००) ।

**पाश्चात्यमा वर्ण**

प्लेटो वर्णलाई यथार्थ मान्दछन् । उनका अनुसार वाह्य संसार यद्वा भौतिक संसारको वस्तु नमई तिनको प्रत्यय, प्रतीति र विचार नै यथार्थ हो । आजभोलि विचारको प्रतीतिलाई यथार्थ भनिन्छ । यही नै वर्ण सम्बन्धी प्रथम र मूल राय हो । भौतिक जगत्चाहि उक्त मूल ध्वनिको अनुकरण हो । यसैकारण अनुकरण सत्यदोखे धेरै टाढा रहन्छ । प्लेटो वर्णका विषयमा बढी रहस्यवादी छन् । उनी कतै अध्यात्मवादी पनि बन्न पुग्दछन् । उनको वर्णका विषयमा आदर्शवादी धारणा राखेको दखिन्छ । यसकारण प्लेटोको यथार्थ र सत्यसम्बन्धी चिन्तन वास्तवमा वस्तु यथार्थभन्दा पर परम र दिव्य यथार्थप्रति उन्मुख छ । यसर्थः पूर्वले ‘‘ब्रह्म सत्य जगत मिथ्या’’ भन्यो । उपनिषदीय विचारसँग प्लेटोको ध्वनि र वर्णको

धारणा, पूर्वका उपनिषदका कथनसँग नजिक छ । आजको यथार्थसम्बन्धी धारणा प्लेटोको वर्ण सम्बन्धी रहस्यवादी धारणाभन्दा फरक छन् । सँगसँगै वर्णक उच्चारण र ध्वनि उच्चारणका सिलसिला वस्तुपरकता भन्दा विपरीत ब्रदशनले भौतिक जगत् न वास्तविक ग यो माना एक जगत्मा आधारित नभएर स्वतन्त्र सचावान हुन्छ । साहित्यले पुन, वस्तु जस्तो छ त्यस्तै  रूपमा ठीक ठीक चित्रण गनु पर्दछ भन्छ। शब्दां व्रत भन्ने वाक्यबाट अगाडि बढेकी ध्वनि, र दर्श, भाषा विज्ञानले वर्ण सिद्धान्तमा लगेर कुद गरको छ । वर्तमानमा जात. जातिका लिपि, लेखन, चित्र, कला, मूर्तिकलाका माहमा आएर, मूर्तन पुगको छ। जात पिच्छेका फाक वर्ण, वर्ग पिच्छेका अलगअलग ध्वनि, भाषा लिपि र वाले मानिसलाई चिनाउछ । भाषाको इतिहास जीवित राख्तछ ।

भाषाको आदानप्रदानले आफ्नो जीविका चलाएको छ । वर्ण र जातले भाषालाई बचाएका छन् । जीवन र जगत्सगुका सद्ध भाषाले नै जोदन सकछ । भाषालाई बचाउ जगाउने, संवाद गराउने ध्वनि, वर्ण, अक्षर शब्द नैं हु। यी सबैलाई एक सूत्रमा बाहने रक्ष अनुशासनमा राख्ने काम व्याकरणले गर्छ । व्याकरणले थे। ध्वनि र भाषा विज्ञानले यो हकनि हो, यो वर्ण हो, या संवर्ण हो, यो ध्यार हो, या शब्द हो, यो पर हो भनेर, व्याकरणको नीति, शीत र नियमका बनाएर वासैको स्वरूपका आधारमा मोषालाई भाषान्तरण र रूपान्तरढ गर्छ। समाज सँग कुराकानीका माध्यमबाट हरेक वर्ग, तह र तप्कामा संवाद गराउँछ । संवाद गराउने लेख्य तथा काब्य दुबै मौलिक भाषाले गर्दछ । मौलिक भाषालाई मानक भाषा र भाषा बताएर, क्लासिकल ल्याङ्ग्वेजका रूपमा व्यवहारमा ल्याउँछ ल्याउनु पर्छ । स्तरीयताको भाषिक ज्ञान यसै विधिबाट शिक्षणमा ल्याइन्छ । यसपछि क्रमशः जीवन र वैश्विक जगत्को सम्बन्धले मान्छेको समसामयिक र समकालीन जीवनमा देखा पर्ने वास्तकितालाई जस्ताको तस्तै अङ्कित गर्न साहित्यिक भाषिक, मान्यता विशेषलाई प्रतिनिधित्व गर्छ । यथार्थले विश्वको यथार्थीस्थीत डोऱ्याउन खसोखास नढाटी र न छली जे देखिन्छ त्यही सत्य र वास्तविक कुराको मनोमय ढङ्गबाट उद्घाटन गर्नुपर्छ भन्ने किसिमको भाषिक र साहित्यिक कला सम्बन्धी सिद्धान्त नै प्रत्ययन हो । मूलको संयोजन नै यथार्थ हो । पश्चिमिले यिनै उल्लेख्य सिद्धान्तका कुरालाई वर्ण भन्दछ ।

## सृष्टिका आधारमा वर्ण

परब्रह्मको निश्वासको अभिव्यक्ति वाणी वर्ण हुन् । यिनैलाई वेदवाणीका रूपमा पनि परिचय पाएका छन् । यिनै वर्णले जनजन र मनमनमा “असतोमा सद्गमय, तमसोमा ज्योतियथ मृत्युर्मा अमृतं गमय को संस्काराधना गराउन वर्ण उत्पत्ति भएका छन् । कर्म, उपासना, योग र ज्ञानद्वारा, अल्पज्ञ जीवलाई परिचय गराउन वर्णले अभिप्रेरित गर्दछन् । सच्चिदाघन् सर्वज्ञः वर्णहरू सञ्जीवनी विद्याका रूपमा विश्व वन्दित छन् । यिनै सबै कारणले देवनागरी पनि वर्णलाई भन्ने गरिएको छ । देवनागरी प्राचीन नागरी भाषाको पाश्चिमी रूपबाट विकसित भएको हो । यसको दुइटा नाम प्रचलित छन् । (१) नागरी (२) देवनागरी यी दुवैलाई नागरी कै रूपमै सम्बोधन गर्ने गरिएको छ । भाषा विज्ञान एवम् भाषा शास्त्र (२०१० बाह्रौ संस्करण) नागरी लिपिको विकासलाई १० औं शताब्दीबाट प्रचलनमा आएको भाषाका विज्ञले मान्दछ (पृ. ४९६) प्राचीन अभिलेखको लेखिएको हेर्दा भीमदेव प्रथम (१०१९ ई), भीमदेव द्वितीय (१२०० ई), उदय मर्दन (१२०० ई) को वर्णं हेर्दा वर्तमान स्वरवर्ण र व्यञ्जन वर्णको यिनीहरुको नजिकै देखिन्छन् । यिनै वर्णबाट अक्षर, अक्षरबाट शब्द, शब्दबाट पद, पदबाट पदावली, पदावलीबाट उपवाक्य, उपवाक्यबाटै वाक्य र वाक्यबाट माथि वपर्द जाडा सङ्कथनतिर श्रृङ्खलाबद्ध शब्दका श्रेणीबद्ध भएर उक्लदै जान्छन् । यी ५१ वटै वर्णहरूले छुट्टाछुट्टै विभिन्न अर्थ बोकेका छन् । थिनै वर्णले अज्ञान र ज्ञानताले ढाकिएका मनुष्यलाई ज्ञानमय, बुध्दिमय विवेकीका रूपमा आलोकित गर्दछन् ।

## वर्णको निष्पत्ति

वर्ण पुलिङ्ग नाम शब्द हो । कार्तले यसलाई नपुंसक लिङ्ग मानिएको छ । वर्णयति, वर्णयते इति । वर्णको क्रिया विस्तार गुण वचनेषु वा वर्ण प्रेरणे (चुरा) धातु, वर्ण+ अच, पचादि घञ् (अ) = वर्ण । वर्णले यतिलामो ध्वनि र

शब्द प्रक्रिया पुरा गरेपछि जन्मन्छ । अथवा क्रियते अनेन वृञ् करणे (स्वा), धातु, वृ+न, उण, गुण, यात्व गर्दा वर्ण हुन्छ । वर्णास्य ब्राह्मणादयः इत्यभर । वर्णो द्विजादि शुक्लादौ स्तुतौ वर्ण तु चाक्षरे (इत्यभर) (२०१६) । वर्णो द्विजादि शुक्लादि यशों गुण कथा सुच, स्तुतौ वा न स्त्रियां भेद रूपाक्षरविलेपने (इति मेदिनी) । रङ्ग, रूप, सौन्दर्य, आकृति, भेषभूषा, ख्याति, प्रसिद्धि, क्रम, रातो, सेतो, खैरो, गुलाबी, कालो, नीलो, खस्र रङ्ग तथा मानिस र अरु वस्तु र पदार्थका रङ्ग, गुणहरू अनेक छन् । त्यस्तै प्रकारले ब्राह्मण, क्षत्री, वैश्य, शुद्र, कालो छाला सेतो छालाका वर्णहरू कुनै कुरा वर्णन गर्ने क्रममा र रंगाउने वस्तु, रङ्गरोगन गरेपछिका सामाग्री रूप जाति, स्वर तथा व्यञ्जन अक्षर तथा ठूलों वर्णमाला, वर्णहरूका ध्वनि आदिको बहुज्ञान वर्णले दिन्छ (तत्सम नेपाली व्युत्पात्ति शब्दकोश, २०६८ पृ. ६८१) आदि शब्दलाई वर्ण शब्दले अर्थयाएको छ । यो वर्गको उत्पत्ति प्राचीन नागरीबाट १० शताब्दी ई मा लगभग भएको हो । यसैबाट नेपाली माला वर्तमान, बगला, मैथिली र उडपियाँ लिपि विकसित भएका हुन् (कपिलदेव, सन् २०१०, पृ ४९५) । नेपाली विज्ञानहरुले ञ. ण क्ष त्र ज्ञ लाई नेपाली जिब्रोले उच्चारण गर्दैन भन्दछन् । वर्णको निष्पत्तिका सम्बधमा अनेक मत छन् । उनमा केही मत यस प्रकार छन् ।

१. प्राणवायुबाट प्रेरित शब्दको अङ्ग घना हुन्छन् फेरि कुनै मात्राको संहारको भित्र स्थित शब्दले बिम्बले ग्रहण गर्दा वर्ण रूपमा अभिव्यक्ति पाउँदछ ।

२. अपशिलीय शिक्षाका अनुसार नामि स्थानबाट प्रयत्न प्रेरितवायु मास्तिर उठ्तछ । ऊ हदय कण्ठ स्थानमा या कुनै स्थानमा टकराउछ त्यही टकरावटबाट शब्दको उद्धव हुन्छ ।

३. पाणिनीय शिक्षाण अनुसार कायग्निबाट प्रेरितवाय विविध अङ्गको पार गर्दछ । मूर्द्रधामा टकराएर पद्यडिएर फकिन्छ । मुखमा स्थित मुखका स्थित अङ्गबाट एकरायर विशेष वर्णको उत्पन्न गर्दछ ।

४. वायु शब्दत्वापत्तिवाद स् वायु र्बाल्नेवालको इच्छाबाट उत्पन्न प्रयत्नबाट क्रियाशील हुन्छ । पुनः मुखमा स्थित अङ्गबाट टकराउदै वर्णको सिर्जना गर्दछ ।

५. अणु शब्दत्वपत्तिवाद स् सुक्षम अणु नै वर्णका रूपमा परिणत हुन्छ ।

६. ज्ञान शब्दापत्तिवाद स् ज्ञान नै शब्दरूपमा ददल्छ । मनोमय बनेको प्राणवायु विशेष ध्वनिबाट आफ्नो रूपमा विभाजित गरेर वर्णका रूपमा अभिव्यक्त हुन्छ र लीन हुन्छ ।

यी उपयुक्त मतबाट यो निष्कर्ष निकाल्न सकिन्छ कि अधिकांश शास्त्रकारले वर्ण उच्चारणमा ज्ञानको प्रेरणा तथा प्राण वार्यको मुख्य गहामा विविध अङ्गबाट टकराहरको कारण वर्ण उद्भवर्का कारण मानिएको छ । यी वर्णनिष्पत्तिसम्बन्धी मान्यताका आधारमा वर्णउत्पत्ति हुने मुख्य आधारलाई तलका उपशीर्षकमा सङ्क्षिप्त विवेचना गरिएको छ ।

**वर्ण र शक्ति**

देवी भागवतले ’श’ वर्णलाई मङ्गल वाचक शक्ति मन्दछ । ’श’लाई ऐश्वर्यवाचकका रूपमा उसले अर्थ गऱ्यो । विज्ञानले भन्छ मंगल र ऐश्वर्य प्राप्त गर्न अणु र परमाणु तथा त्रसरेण मिलेर बनेको शक्ति र साभाध्यलाई मात्र भौतिक, दैविकर पारमार्थिक शरीरले मङ्गल र ऐश्वर्य प्राप्त गर्न सक्तछ भन्ने शक्तिका अन्वेषकको बुझाई हो। यसकारण ’श’ वर्णलाई प्राणी मात्र भित्र सुषुप्त अवस्थामा रहेको शान्ति र शक्तिको प्रतीक मानिएको हासूर्यका अनेकौ टुक्रा मध्ये को पृथ्वी शतके प्रकृतिको शक्तिकै खेल हो। आडा पनि पृथ्वी र पृथ्वी भरिका प्रावी, प्रथात, मौसम, हावापानी रातदिन

यी सबै शक्ति के खेलमेला हुन्। जे होस् यी सबै वैज्ञानिक अनुसन्धानका विषय हुन् तथापि कल्याण शक्तिपीठ रहस्य, वर्ष ७९ करणाय जी को लेखका आधारमा वर्ण र शक्तिको गुणात्मक विधिबाट विवेचना गरिएको छ विर्णहरू बल र शक्तिको संयोग भएपछिमात्र उत्पादन हुन्छन् मन्ते निष्कर्ष निस्किएको छ । "श"लाई मङ्गल र ऐश्वर्यको प्रतीक मानिसकिएको का ड्ड त्यस्तै 'क्ति' वर्गको अर्थ पराक्रम भन्ने गरिएको भरिन्छ । देवी भागवतले क्लि को अर्थ ऐश्वर्य र पराक्रम दुवै गर्छ (कल्याण, २०६९ पृ. , ४९४) । देवी भागतले प्रकृतिलाई तीन भागमा विभाजन गर्दछ । त्यस कृतिले प्रकृतिलाई तीन टुक्रा पारेर विवेच्य गर्छी प्र'ले सत्वगुण, कलेजोगुण इति' ले तमोगुण भन्ने अर्थ गयो । (उही, ४९४) अर्कोतिर माया र प्रकृतिलाई एउट रूप ठान्दछ । प्रथम 'माया' शुद्ध रूपिनी हुन्छे । यही मायाबाट तीनै गुणको सिर्जना र सृष्टि हुन्छ । तीनै गुण एकै स्थानमा भए भने त्यसैलाई प्रकृति भनिन्छ (उही, ४९४) जस्तै कुनै नारी, पिताका घरमा रहदा, गोदावरी र यमुना, भनिन्छ पतिका घरमा पार्वती र रमा ह्न्छ यो माया र प्रकृति हो । विद्याका सागरहरु वर्ण र अक्षरको उत्पत्ति पनि माया र प्रकृति जस्तै शक्तिका बलले हुँदै आएको छ भनेर बताउने गर्दछन् (उही, ४९५) ।

## घर्षण र ध्वनि

शब्द, ध्वनिद्र वर्ण मुखको घर्षणबाट उत्पन्न हुन्छन् आकाश वायु प्रभवः शरीरात समुच्चरन वकामुपैति नादः । स्थानान्तरेषु प्रविभज्यमानो वर्णत्वमा गच्छति यः खसा शब्द (भाषा विज्ञान : २४०) । यो भनाईल के पुष्टि हुन्छ भने ध्वनि उत्पन्न हुन कुन कुन माण घर्षण वा कम्पन हुनै पर्दछ (फोलिज कलेज फिजिकल, प्र० १८३/ पृ ४६०) ध्वनिको घर्षण का सम्बधमा हामी कुनै घण्टामा चोट लाग्ने गरी बनादी वा घर्षणबाट र शक्तिबाट आवाज मिस्केको सुनेका छौं । त्यसैबेला घण्टा हल्का हुँदा उसबाट झनझनाहटको कम्पन थाहाँ पाउछौं र अनुभव गर्छौं । एकै छिनमा हान्टाको कम्पन उसको शक्ति क्षीण हुनासाथ बन्द हुन्छ । यस्तै प्रकार हारमोनियम, क्लेरिपोनेट. बांसुरी फुक्ता या चलोएर वायुभित्र पठाउँदा बाहिर बार गएको वायु घर्षण भइ रकराउछ उक्त रकराउ बाका साथसाथ एक विशिष्ट आवाज निस्कन्छ जीवधारीले आफ्नो गलाको झिल्लीलाई कम्पित गरेर र ध्वनि मुखबाट निस्कन्छा ध्वनि उत्पन्न गर्नका लागि कम्पन वा शक्तिको घर्षण आवश्यक्ता हुन्छ। बिना कम्पन वा घर्षणको ध्वनि निस्कन सम्भव छैन । जे. एल कार्थग्लाघर्ट (१९७३) ले ध्वनि कम्पनशील बाहेक केही होइन भन्दछन् । त्यसै गरी रामदेव त्रिपाठी (२००६) का अनुसार जुन किसिमले वंशीका वीणाको ध्वनि कुनै तारको कम्पनबाट नभईकन वायु स्तम्भनको कम्पनमा आधारित हुन्छ उस्तै प्रकारले मानव ध्वनि पनि ध्वनि यन्त्रको अनक बनेर हिंदक आकृतिका कारण उत्पन्न हुन्छ । मत्लव अतः मानवध्वनि स्वरतन्त्रीको कम्पन र घर्षणबाट मात्र उत्पन्न नभएर स्वरतन्त्रीको फैलनु, खुम्चन, काकल, र विवरणको विविध स्थितिबाट उत्पन हुन्छ । ध्यनिको घर्षण र कञ्चन मात्र नभएर मुखस्थ वायुको कम्पन ध्वनि विविधताको जनक पनि हो । भारतीय विद्वान्हरुले स्वतन्त्रीको कम्पन या तनावको मात्र चर्चा नगरिकन केवल काकल (कण्ठ विवर) को विवृतता, संहतताको उल्लेख गर्ने गरेका छन् । ड्ड भारतीय विद्वान् ध्वनिलाई सम्भवतः सर्षिर वाद्य मान्दछन् पश्चिमी विद्वान एफ. सी. फिल्ड हाइटले "मान्छे बोल्नथाल्दा अस्पष्ट ध्वनिको अलग–अलग गरेर उच्चारण गर्छन् पहाडि परिपक्क हुँदै जाँदा ध्वनिको सँगसँगै व्यक्तिगत सङ्केत गर्न शुरु गर्दछन् । यसरी विस्तारै शब्दको विकास हुन्छ । शब्दको विकास भएपछि ध्वनिले कुनै न कुनै अर्थ वहन गरेको मानिसले अनुभव गरी अर्थ लगाउन थाल्दछन् । क्रमशः पाणिनिले भने भै कुनै शब्दका ध्वनि प्रातिपदिक धातु, निपात आदिका रूपमा निर्वाचित हुन थाल्दछन् । यसरी ध्वनिको घर्षणबाट वर्ण र अक्षर उत्पादन भएपछि शब्दहरु क्रमशः उत्पत्ति हुँदै जान्छन् (पाण्डेय, २००६, पृ. २४०)

## नाद र वर्ण

वर्णको अव्यक्त मूलरूपलाई नाद भनिन्छ । शब्द, ध्वनि र आवाजलाई पनि नादै भनिएको छ । ठूलो शब्द र गर्जन पनि नाद नै हो । शब्द, शक्ति, आवाजको नाम पनि नाद हो (पोखरेल र अन्य, २०४० पृ. ७१८) । हृदयमा नाभिस्थान भन्दा माथि रहेको वायुको सहायताले उत्पन्न भएको सास मुखबाट बाहिर निस्कने ध्वनिलाई नाद भनिन्छ ।

भाषा शास्त्रकारका अनुसार सघोष (गजडदब, घझढधम) यी ध्वनि र वर्णहरु पनि नाद नै हुन् । हट्योगको अनुसार षट्चक्रको अभ्यास गर्दा अभ्यास गर्ने साधकले सुन्ने शब्द नाद हो । त्यस्तो साधकको मस्तिष्कमा उब्जेको समधुर शब्दलाई नाद भनियो । सङ्गीतद्वारा निस्केको मधुर ध्वनि हो । एक किसिमका वाद्य रहित लयात्मक आवाज आफैंले मात्र सुन्न सकिने ध्वनि नाद हो । नाद ब्रह्म, शब्दरूप ब्रह्म ॐ ध्वनि हो । ॐ लाई प्रठाव पनि भनिन्छ । ॐ मा अ उम तीन अक्षरले निर्मित भएको हुन्छ । नादलाई यिनै आधारमा विज्ञानले समेत चिताएको छ । (गौतम, २०३५, पृ. आ) ।

## वर्णमा शुद्धता

वेदका वर्णमा शुद्धता डवे सजाइएका एक एक अक्षर र वर्णको छुट्टाछुट्टै अर्थ हुन्छ यसकारण अरू रचना र कृतिभन्दा वेद फरक छ । वैदका वर्णहरू देवशनीका प्रतीक र बिम्ब हुन्। जसरी संस्कृतको अर्थ शुद्ध भनिन्छ भने झैं वेदका वर्ण भनेक शब्दती छैन्। वेदका प्रत्येक वर्णरमन्त्र र ऋचा हुन्। वेदका वर्ष पति देवनागरी लिपिमा लेखिने गर्दछन् । महर्षि फला–फककविले पतञ्जलिले संस्कृतलाई सुरभारती भन्दछन् । सुरभारतीको शुद्ध अर्थ सम्यक प्रयोग हो । सुहाउँदो – बुझिदो कथन र वर्णलाई सम्यक भनिन्छ । वर्णबाट मनासिप तरिकाले अक्षर निर्माण गर्ने काम हुन्छ। अक्षरबार ठीक तरिकाले शब्द निर्माण गरी र उचित तरिकाले सुन्दर शब्द बनाउने कार्यलाई सम्यक भनिन्छ, सबै, सम्पूर्ण, र समस्त भन्न पनि सम्यक प्रयोग गर्दा उपयुक्त हुन्छ। महायानी बौद्धधर्मानुसार हरेक बाह्, पाँच र तीन वर्षमा समर्थ व्यक्तिले बौद्धहरू बसोबास गरेको स्थानमा राजालाईसमेत उपस्थित गराएर बुद्धको र राजाको पूजा गरी त्यसपछि भोज गराएर सम्पन्न गरिने चाडलाई पनि सम्यक नै भनिन्छ शब्दको दोहोरो अर्थ लाग्ने गर्दछ । यसलाई वर्गकी उत्पत्तिमा पनि प्रयोग गरिएको छ (बृहत् शब्दकोश, २०४०, पृ १३१३) । यसर्थः पतञ्जलिको सुरभारती बाट के स्पष्ट हुन्छ भने हरेक वर्ण र अधारको उत्पत्ति र प्रयोग शुद्ध र सम्यक प्रयोग हो । वर्ण र अक्षर शब्दको अर्थ ज्ञानका लागि कुतु पर्दछ (लघुसिद्धात कौमुदीः प्राक्कथन) सम्यक कथनबाटै व्याकरणको निर्माण हुनपुग्यो । महर्षि पतञ्जलिल “एक शब्द सम्यग् ज्ञातः सुष्ठु प्रयुक्त स्वर्ग, लोके च काम धुण्वति । माता पितरौ चास्य चास्य स्वर्गे लोक महीयत” यी कंधनको तात्पर्य पनि वर्ण, अक्षर र एक शब्दको उपयुक्त र उचित तरिकाले राम्रोसँग जानेर ठीक तरिकारण प्रयोग गरियो भने कामनाको पूर्ति हुन्छ । रामासँग प्रयोग गरिएका शब्दले माता पिता स्वर्गको सुख पाउँछन् र आफू प्रयोग कर्ताहरू लोक समाजमा सम्मान पाउँदछन् । यस कारण वर्णको शुद्धता खोज्न, उच्चारण गर्न, जिब्रो, भोठ, हात र ध्वनि एकै साथ सञ्चालन गर्नु पर्ने र गरिने वेदमा प्रयोग भएका शुद्ध वर्ण हुन् ।

## निष्कर्ष

यस लेखमा देवनागरी ध्वनि र वर्णको उत्त्पत्ति तिनको वर्णहरू शरीरका अवयवका योगबलबाट उत्पत्ति हुन्छन् । प्राचीन कहावत अनुसार शिवद्वारा जसरी १४ सूत्रको विकास डम्बरूको झन्कारको शक्तिद्वारा उत्पत्ति भयो, यसैलाई पाणिनीका चौध सूत्र भन्ने गरिएको छ । त्यस्तै प्रकारले पौराणिक आख्यानमा दक्षप्रजापतिले आफ्नो घरमा गरिएको यज्ञमा जेठी छोरी र ज्वाइँलाई नबोलाउँदा दक्ष यज्ञको पूर्णाहुति नहुँदै जेठी छोरीद्वारा योगबलको शक्तिद्वारा आत्माहत्या गरे पछि दक्षको यज्ञ विनाश हुन्छ । शोकाकुल अवस्थामा सतीको शब लिएर शिव शङ्कर भोलेनाथ एकाउन्न स्थानमा घुम्छन् । तिनै एकाउन्न स्थानबाट अ आदि स्वरवर्ण र क आदि ज्ञ सम्मका व्यञ्जन वर्णको उत्पत्ति हुन्छ । पत्नीको वियोगको वर्ण उच्चारणको कारण बन्छ । यिनै कारणले शोकाकुल अवस्थामा रहेका शिवलाई विष्णुद्वारा पत्नी मोहबाट विक्षिप्त भएको देखेपछि विष्णुले पनि आफ्नो योगबलको विष्णु र शिवको शक्तिबाट एकाउन्न वर्णहरूको जन्म हुन्छ । योगिनीका हृदयबाट ज्ञानदिने वर्णहरूको निष्पत्ति हुन्छ भन्ने उर्ध्व अङ्गबाट वैदिक कालको र दक्षिणमार्गको तल्लो भागबाट अङ्गको पतन हुँदा वर्ण शक्ति पैदा हुन्छ । त्यसै स्थलबाट उत्पादन भएको वर्णबाट बाममार्गको सिद्धि हुन्छ ।ज्ञ व्रहलीन धर्म सम्राट स्वामी करपात्रजी महाराजका बथन अनुसार जहाँ जहाँ सतीका शरीर योगबलको पतन भए त्यस ठाउँमा र अ-आ

देखि ज्ञ सम्मका वर्णहरू र सँगसँगै शक्ति उत्पत्ति भएका छन् । यो आलेख सतीको अङ्ग पतन सँग सम्बध नभईकन वर्णका उत्पत्तिका विषयमा केन्द्रित रहेको छ ।

वर्णहरुको भाषामा प्रयोग सृष्टिकै प्रारम्भबाटै भएको हो । वेद ब्राह्मण ग्रन्थ, उपनिषद्, स्मृति, पुराण, इतिहास, आयुर्वेद अन्य सूत्र साहित्यले समेत वर्णको गुणगान गाएको छन् । त्यस्तै सेव व्यवहारिक नीतिशास्त्र, सूत्रकान्य, दर्शन, न्याय, मानव शास्त्र इत्यादिले वर्णको प्रवोसा गरेका छन्। वर्णलाई प्राचीन मानव र आधुनिक मानवले वर्णलाई गुणग्राहीका रूपमा हेरेका छन्। ९९ अनादिना धना निन्या वागुत्सया स्वयंभूवाः आदौं वेदमयी दिव्या यतः सर्वोप्रवृत्तयः (कृष्ण द्वैपायन) अनादिदेखि आजसम्म समकालीन र समसामयिक भाषार साहित्यमा वर्णले आफू मियो बत्तेर सबैलाई छेउपो लाउदै घुमाई रहेको छ । यस्तो भाषा र साहित्यको गौख र गरिमा बोकेको विषयको अध्ययन हुनु आफैमा गर्वको विषय हो । यो विषयमा अध्ययन गर्न बाँकी रहेको विषयलाई अझ स्पष्ट पार्क सान्दर्भिक भएकाले यसको अध्ययन समकालीन भाषा र साहित्यका अध्येताहरुले जान्नु वर्ण, ध्वनि सम्बधी जान्नु पर्ने कुरा अझै धेरै है छन् । तिनै कुरालाई यस लेखमा समावेश गर्न आवश्यक ठानिएकाले सवर्ण र ध्वनिको अध्ययन गर्न औौकिय पूर्ण छ । सर्च भइसकेका सामाग्रीलाई र दोहोर रिसर्च गर्न सान्दर्भिक र प्रासनिक हुन्छ है । वर्णमा धेरै अमूर्त अर्थ लुकेका छन् । अमूर्त अर्थलाई समाजमा पुयाएर कसरी आउने भन्ने खरथा अध्ययनको समस्या वर्ग र ध्वनि भित्रका अन्वेषण गरी धेर थोर निराकरण गर्नु अध्ययन उद्देश्य हो । वर्णको उत्पति र अर्थ सम्बंधी अध्ययन खुलाएर स्वष्ट पारेर ध्वनि, वर्ष, अक्षर, शब्द, पद, पदावली, वाक्यांश, वाक्य र सङ्कलन सम्म पुग्ने श्रेणीबद्ध अध्ययन वर्णबाटै हुने भएकाले यो लेखको अध्ययन औचित्य पूर्ण छ ।

## सन्दर्भ ग्रन्थसूची

अधिकारी, हरिप्रसाद (२०७०). दर्शनसार, संस्कृति प्रकाशन ।

अधिकारी. हेमाङ्गराज (२०५४). *समसामयिक नेपाली व्याकरण*, कुञ्जल प्रकाशन ।

अऱ्याल, कृष्णप्रसाद (सन् १९६२) *लौकिक न्यायमणिमाला*, जगदम्बा प्रकाशन ।

आचार्य, व्रतराज (२०४०). *हाम्रो भाषा*, इन्दु छापाखाना ।

आचार्य, नारायणराम (सन् १९५२). *सुभाषितरत्नभाणगारम्* (अष्टम सस्कं.), निर्णयसागर ।

आचार्य शास्त्री, लक्ष्मण (सन् १९५९). *नेपाली राष्ट्रिय मुहावरा*, आजाद स्टोर एण्ड सरस्वती बुक डिपो ।

आचार्य, तीर्थप्रसाद (सन् १९६०). *विचित्र रत्नभाण्डागार*, पाशुपत छापाखाना ।

आचार्य, मुकुन्द (२०५३). *भोजपुरी उखानटुक्का*, नेराप्रप्र ।

आचार्य दीक्षित, राममणि (२०२७). *नेपाली उखान सङ्ग्रह*, जगदम्बा प्रकाशन ।

आनन्दबर्धन. (२०५१). *ध्वन्यालोक* (पञ्चम संस्क.), चौखम्बा संस्कृत सिरिज अफिस ।

उपाध्याय, केशव (२०६१). *पूर्वीय साहित्य सिद्धान्त*, साझा प्रकाशन ।

कट्टेल, सुमन (२०७५). *अमर सूक्तिहरू*, रत्न पुस्तक भण्डार ।

कर्मा, लीलसिंह (२०५३). *हाम्रो उखान र पुर्खाको बखान*, सिन्धुली गढी प्रकाशन ।

कल्याण (२०५०), *देवीपुराण शक्ति पीठाङ्क*, माघ गीता प्रेस, गोरखपुर ।

कल्याण, (सन् २००५). ७९ *वर्ष देवीपुराण*, शक्तिपीठाङ्ग ।

कल्याण (२०६९). *शक्ति*, विशेषाङ्क (९० ), पृ. ४९८ ।

कालिदास, (सन् १९६०) *अभिज्ञान शाकुन्तलम्*, (किशोरकेली व्याख्या), चौखम्बा संस्कृत सिरिज अफिस ।

गरूड पुराणम् (२०५८). पृ. २००

गौतम, कुलचन्द्र (अनुवाद) (२०१७). *अमरकोश*, श्री दुर्गा साहित्य भण्डार ।

गौतम, चमनलालप्रसाद (सन् १९९२). *ऋग्वेद*, संस्कृति संस्थान, बरेली ।

छान्दोग्यांपनिषद्, पृ. १२७।

ढकाल, रमेशप्रसाद (२०६५). *संस्कृत शिक्षाको रामवाण*, नेपाली खपडा।

तिवारी, भोलानाथ (सन् १९७३). *आधुनिक भाषा विज्ञान एवम् भाषाशास्त्र*, वाराणसी विश्वविद्यालय प्रकाशन।

त्रिपाठी, रामदेव (सन् २००६). *भाषा विज्ञानकी भारतीय परम्परा और पाणिनि*, गाजीपुर साहित्य संसद।

(दुर्गासप्तशती)

पाण्डेय, कैलाशनाथ (सन् २००६). *भाषा विज्ञानका रसायन*, गाजीपुर साहित्य संसद नवकापुरा।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा). (२०४०). *बृहत् नेपाली शब्दकोश*, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

फोलिज कलेज फिजीकल चतुर्थ संस्करण, पृ. १८३/१९४।

बराल, ईश्वर र अन्य (सम्पा). (२०५५). *नेपाली साहित्य कोश*, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

भर्तृहरि (२०६४). *वाक्यपदीयम्* (ब्रह्मकाण्डम्), चौखम्बा कृष्णदास अकादमी।

महाराज, स्वामी करपात्रजी (२०३०). *कल्याण संस्करण*, गिताप्रेस गोरखपुर।

मास्के, राजेन्द्र (२०५६). *फ्रेडरिख एन्गेल्स परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति* (दो.सं.), प्रगति प्रकाशन।

वर्मा, धीरेन्द्र, व्रजेश्वर .... अन्य (सम्पा). (सन् १९८६). नामवाची शब्दावली. *हिन्दी साहित्य कोश* भाग २, ज्ञान मण्डल लिमिटेड।

सक्सेना, बाबुराम (सन् १९९५). *सामान्य भाषा विज्ञान*, हिन्दी साहित्य सम्मेलन।

सम्पादक गौड, श्री दौलतराम (सन् २००२), *शुक्ल यजुर्वेद संहिता*, श्री ठाकुरप्रसाद पुस्तक भण्डार।